इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

३ नं. प्रदेश, नेपाल

# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

**(इच्छाकामना गाउँपालिकाको दोस्रो गाउँसभाबाट पारीत)**

# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना**:- लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोले इच्छाकामना गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**:(१) यस कार्यविधिको नाम "इच्छाकामना गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** :- विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "**गाउँपालिका**" भन्नाले इच्छाकामना गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "**गाउँकार्यपालिका**" भन्नाले इच्छाकामना गाउकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "**आर्थिक सहायता पाउन योग्य व्यक्ति**" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका, मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं. क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरु, जोखिमपूण श्रममा संलग्न भएको, हराएको, बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी.एडसबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा, दैविक प्राकृतिक प्रकोप वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको बुझ्नु पर्दछ ।

(घ) "**न्यायिक समिति**" भन्नाले इच्छाकामना गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "**गाउँप्रमुख**" भन्नाले इच्छाकामना गाउँपालिकाको गाउँ प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले इच्छाकामना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झ पर्छ ।

## परिच्छेद- २
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

**३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता**:- (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी(मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजातनुबुझ्नपर्दछ ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदनमाथि गाउँ कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू.दश हजारसम्म दिन सकिने र विषम परिस्थितिमा गाउँकार्यपालिकाले निर्णय गरी बढीमा रू. बीस हजारसम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ ।

(३) पन्ध्र हजारसम्मको आर्थिक सहायता गाउँ प्रमुखसँगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथिको सहायता गाउँ कार्यपालिकाको निर्णय बमोजिम दिईनेछ ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता** :- (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार रू. १०,०००/ - (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं. पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता**:- (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी.एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि गाउँकार्यपालिकाको निर्णय अनुसार रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृह तथा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न सकिनेछ ।

**६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायता- (१** आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवती महिला एवं. सुत्केरी आमाको पालनपोषणको लागि बढिमा दुई पटकसम्म रू. ५,०००/- (पाँच हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ । तर दुई पटकभन्दा बढि गर्भवती हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन ।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायताः-** दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहाायताका लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रू. ५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**८. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायताः-** (१ आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको पालनपोषणको लागि रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहित गाउँपालिका कार्यालयमा निवेदन शपेगर्न सकिनेछ ।

**९. अन्य आर्थिक सहायताः**

**क**. संकटहरु पूर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनिकरणका उपायहरु अपनाउदा अपनाउदै गर्दा समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केहि मात्रामा भएतापनि राहत पुग्ने महशुस गर्दै तपसिल अनुसारको शीर्षकमा तपसिल अनुसार आर्थिक सहायता प्रदान गरिनेछ ।

| **कारण** | **सहायता गर्न सकिने रकम (काज किरिया खर्च वापत)** |
|---|---|
| आगलागी बाट मृत्यु | ५,०००। |
| दुर्घटना ( करेन्ट, चट्याङ, साधन र औजारबाट मृत्यु) | ५,०००। |
| रुख खोलानाला, भीरपहिरो आदि बाट मृत्यु | ५,०००। |
| दैवि प्राकृतिक विपत्ति मृत्यु | ५,०००। |
| बेबारिसे मानिस ( बाहिरबाट आएको वा गाउँपालिका भित्र) | २,०००। |
| गाउँपालिका भित्रको ठाउँ ठेगाना खुल्ने गरि बाहिर गएर मरेको | २,०००। |
| गाउँपालिकाको स्थायी बासिन्दा वैदेशिक रोजगारका क्रममा मृत्यु भएको | ५,०००। |
| बिषालु पदार्थ सेवन( जस्तै पानीमा बिष परेको ) | २,०००। |
| जनावरबाट क्षति -हात्ती, सर्प, बाघ, भालु, कुकुर आदि | २,०००। |

**ख. घाइते उपचारको लागि तथा भौतिक निर्माण सहयोगको लागि**

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भिर | सामान्य |
| जनावर आतङ्क | ५,०००। | २,०००। |
| आगलागी | १०,०००। | ५,०००। |
| बाढी पहिरो | १०,०००। | ५,०००। |
| हुरी बतास | १०,०००। | ५,०००। |
| चट्याङ | १०,०००। | ५,०००। |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | १०,०००। | ५,०००। |

## परिच्छेद- ३
## विविध

**१०. निवेदनका ढाँचाः-** खण्ड ३,४,५,६,७ र ८,९ अनुसार सहायता पाउन अनुसूची- १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

**११. अधिकार प्रत्यायोजन गर्न सकिनेः-** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको अधिकार गाउँकार्यपालिकाले गाउँप्रमुखसँग समन्वय गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ ।

**१२.आकस्मीक कोषः-** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मीक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मीक कोषको स्थापना गरिनेछ ।

(२) आकस्मीक कोषमा देहायको रकम जम्मा गरिनेछ :

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य(आर्थिक सहायता, प्रकोप पीडित राहत)को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४) आकस्मीक कोष सम्बन्धी अन्य व्यवस्था गाउकार्यपालिकाले तोके बमोजिमन हुनेछ ।

# अनुसूची- १

(खण्ड ९ सँग सम्बन्धित)

मिति :-

श्रीमान् गाउँपालिका प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

इच्छाकामना गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, कुरिनटार चितवन ।

विषय :- **<u>आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।</u>**

महोदय,

प्रस्तुत विषयमा म/हामी.................................................................... समस्याले ग्रसित भई ............................................................ गर्नका लागि यस कार्यालयको सहयोग आवश्यक भएको व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएका सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनु हुन / निशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं । .

**<u>तपसिल</u>**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. मुचुल्का
५. सरकारी कार्यालयबाट प्रमाणीत कागजात/सिफारीस
६. अन्य कागजातहरु आवश्यकताअनुसार :

**<u>निवेदक</u>**

नामः

ठेगानाः

हस्ताक्षरः